राष्ट्रिय दलित आयोग
National Dalit Commission

प.सं./L.N.:
च.नं./D.N.:

राष्ट्रिय दलित आयोग
२०७५

मिति/Date:

## जातीय छुवाछूत तथा भेदभाव उन्मूलन राष्ट्रिय दिवस,जेठ २१,२०८३ को सन्दर्भमा राष्ट्रिय दलित आयोगको शुभकामना सन्देश

नेपाली समाजमा युगौंदेखि अन्धविश्वास र सामाजिक विभेदका रूपमा रहँदै आएको जातीय उँचनीच तथा छुवाछूतको अमानवीय प्रथाको अन्त्य गर्ने ऐतिहासिक घोषणा भएको दिन २०६३ साल जेठ २१ गतेलाई हामी जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसका रूपमा स्मरण गर्दै आएका छौं। यो ऐतिहासिक उपलब्धि सहज रूपमा प्राप्त भएको होइन। यसका लागि हजारौं समाज सुधारक, लाखौं उत्पीडित जनसमुदाय, अधिकारकर्मी तथा सामाजिक न्यायका पक्षमा संघर्ष गर्ने सयौं ज्ञात–अज्ञात योद्धाहरूको अथक परिश्रम, त्याग, पसिना र वलिदान समाहित छ। नेपाली समाजबाट जातीय विभेद र छुवाछूतको अन्त्यका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने भगत सर्वजित विश्वकर्मा लगायत सम्पूर्ण ज्ञात–अज्ञात शहीदहरूप्रति राष्ट्रिय दलित आयोगको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, सामाजिक रूपान्तरण र समानताको आन्दोलनमा योगदान पुर्‍याउने सम्पूर्ण अग्रज तथा अभियन्ताहरूप्रति आयोग उच्च सम्मान व्यक्त गर्दछ।

२०६२/०६३ को ऐतिहासिक जनआन्दोलनपछिको राजनीतिक परिवर्तनसँगै दलित समुदायका लागि राज्यका तर्फबाट केही महत्वपूर्ण र सकारात्मक पहलहरू भएका छन्। २०६३ जेठ २१ को घोषणा दलित समुदायप्रति राज्यले विगतमा गरेका विभेदपूर्ण व्यवहार र ऐतिहासिक अन्यायप्रतिको आत्मस्वीकारोक्ति पनि थियो। यसपछि निजामती सेवा ऐनमा संशोधन गरी दलित लगायत पछाडि पारिएका समुदायका लागि सकारात्मक विभेदको व्यवस्था गरियो। जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ निर्माण गरी जातीय भेदभाव र छुवाछूतलाई कानुनी रूपमा दण्डनीय अपराध घोषणा गरियो। नेपालको संविधानले धारा २४ मार्फत छुवाछूत तथा भेदभावविरुद्धको हक र धारा ४० मार्फत दलित समुदायका विशेष अधिकार सुनिश्चित गरेको छ। त्यसैगरी, संविधानको धारा २५५ र २५६ बमोजिम राष्ट्रिय दलित आयोगको स्थापना गरी दलित समुदायको हक, हित र अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि नेपाल सरकारलाई आवश्यक सुझाव र सिफारिस गर्ने संवैधानिक व्यवस्था गरिएको छ। यी व्यवस्थाहरू दलित समुदायका लागि आशालाग्दा र ऐतिहासिक उपलब्धिका रूपमा रहेका छन्। तर नीतिगत, संवैधानिक र कानुनी व्यवस्था आफैं कार्यान्वयन हुँदैनन्। तिनको प्रभावकारी कार्यान्वयनका लागि राज्य र राजनीतिक पार्टीको दृढ इच्छाशक्ति, पर्याप्त स्रोत–साधन तथा उत्तरदायी संयन्त्र आवश्यक हुन्छ। हामीले संविधान र कानुनमा प्रगतिशील व्यवस्था त गरेका छौं, तर त्यसअनुरूपको सामाजिक व्यवहार र सोच निर्माण गर्न अझै धेरै काम गर्न बाँकी छ। १९१० को मुलुकी ऐन तथा त्यसअघि स्थापित धार्मिक, सामाजिक र सांस्कृतिक विभेदका संरचनाहरूले सिर्जना गरेको असमानताको गहिरो खाडल छोटो समयमा पुर्न सकिने अवस्था छैन। अर्थतन्त्र, शिक्षा, भूमि, राजनीतिक शक्ति तथा राज्यका अवसरहरूबाट लामो समयसम्म बहिष्कृत गरिएका कारण दलित समुदायलाई आज पनि बहुआयामिक रूपमा पछाडि पारिएको छ। देशको समग्र गरिबी दर घट्दै गएको अवस्थामा पनि

ललितपुर, नेपाल | Lalitpur, Nepal
फोन: +९७७-०१-५४३३६५०, ५४३११४८ |Tel.: +977-01-5433650, 5431148
Email: info@ndc.gov.np, Website: www.ndc.gov.np

दलित समुदायमा गरिबीको दर उल्लेखनीय रूपमा उच्च रहनु सामाजिक तथा आर्थिक बहिष्करणकै परिणाम हो।

दलित समुदायलाई पछाडि पारेर राष्ट्रको समृद्धि सम्भव छैन। संविधान जारी भएको एक दशकभन्दा बढी समय बितिसक्दा पनि संविधानको धारा ४० को पूर्ण कार्यान्वयनका लागि आवश्यक कानुन तथा संरचनाहरू निर्माण हुन नसक्नु गम्भीर चुनौतीको विषय हो। दलित समुदायका समस्यालाई केवल विविधताको विषयका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन। शताब्दीयौँदेखि बहुआयामिक बहिष्करणमा परेका समुदायलाई मूलधारमा ल्याउन बहुआयामिक, उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक उपायहरू आवश्यक हुन्छन्। त्यसका लागि राज्यले आफ्नो ऐतिहासिक जिम्मेवारी स्वीकार गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि, आवास, सामाजिक सुरक्षा, न्यायिक पहुँच तथा राजनीतिक प्रतिनिधित्वका क्षेत्रमा लक्षित कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

जातीय भेदभाव तथा छुवाछूत कुनै पनि सभ्य समाजको पहिचान हुन सक्दैन। कुनै पनि सचेत नागरिकले विभेद गर्दैन, विभेद सहँदैन र विभेद हुन पनि दिँदैन भन्ने सन्देश देशव्यापी रूपमा प्रवाह गर्न राज्य र राजनीतिक पार्टीको सबै निकाय, राजनीतिक दल, शैक्षिक संस्था, सञ्चार माध्यम, नागरिक समाज र आम नागरिक सक्रिय हुन आवश्यक छ। यो कुनै एक निकायको मात्र दायित्व होइन, सम्पूर्ण समाजको साझा जिम्मेवारी हो। यस अवसरमा हामी सबैले जेठ २१ लाई केवल स्मरणको दिनका रूपमा नभई जागरण, सचेतना, मानवता, सामाजिक रूपान्तरण तथा दलित समुदायको आत्मसम्मान अभिवृद्धि गर्ने दिनका रूपमा आत्मसात गरौँ। समता, न्याय, सम्मान र अविभेद सभ्य, समुन्नत र लोकतान्त्रिक समाजका आधारभूत शर्तहरू हुन्। जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस, २०८३ का अवसरमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौँ। विभेदमुक्त, न्यायपूर्ण, समतामूलक र मानव मर्यादामा आधारित नेपाल निर्माणका लागि सबैमा साझा प्रतिवद्धता र सक्रिय सहभागिताको लागि राष्ट्रिय दलित आयोग आह्वान गर्दछ।

देवराज विश्वकर्मा
अध्यक्ष
जेठ २१, २०८३